नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ | अंक ९१ | २०८० साल कात्तिक २० गते सोमबार (6 Nov. 2023 Monday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : राहत र पुनःस्थापनालाई प्रभावकारी.. ३ पृष्ठमा : चिउरी गाउँको चोचे टोलका सबै ... ३ पृष्ठमातालिबानको प्रतिबन्धपछि..

# १४ हजार ६ सय ५ आँखाका रोगीको उपचार



**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।**

राजविराजस्थित सगरमाथा आँखा अस्पताल प्रालिले एक वर्षको अवधीमा एक हजार २ सय १५ तथा अन्य जटिल रोगका १ सय ३१ जना आखाका विरामीको शल्यक्रिया सफलतापूवर्क सम्पन्न गरेको जनाएको छ ।

एक वर्ष अघि स्थापना भएको सो अस्पतालले आफ्नो पहिलो वार्षिकोत्सव मनाउने क्रममा आईतवार आयोजना गरेको पत्रकार सम्मेलनमार्फत सो तथ्याङ्क सार्वजनिक गरेको हो ।

अस्पतालले एक वर्षको अवधिमा १४ हजार ६ सय ५ जना आखाका रोगीलाई उपचार सेवा प्रदान गरेको समेत जनाएको छ । जसमध्ये झण्डै ३० प्रतिशत भारतीय सेवाग्राही छन ।

अस्पतालका म्यानेजर अफाक अनवरले एक वर्षको

*बाँकी अन्तिम पृष्ठमा*

# ग्राहक बनेर पसलहरुमा चोरी गर्ने व्यक्तिको खोजी गर्दै प्रहरी



**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।**

ग्राहक बनेर पसलहरुमा चोरी गर्दै हिड्ने एक व्यक्तिको प्रहरीले खोजतलास सुरु गरेको छ ।

राजविराजस्थित मेनरोडका पसलहरुमा ग्राहक बनेर साहुलाई झुक्याएर नगद तथा सरसामान चोरी गरी फरार हुने ती चोरको प्रहरीले खोजतलास सुरु गरेको हो ।

शनिबार साँझ राजविराजको मुख्य बजार मेन रोडका तीन पसलमा ग्राहक बनेर साहुलाई झुक्याउने ती चोरको तस्बीर सीसी टीभी क्यामरामा कैद भएपछि प्रहरीले खोजी तीव्र पारेको छ ।

पसले एक्लै भएको मौकामा विभिन्न समान किन्ने भन्दै लामो सुची थमाएर झिक्न लगाउने र पसले समान झिक्न व्यस्त भएको मौका छोपी काउन्टरको गल्ला, बाकस, सन्दुक लगायतबाट नगद

*बाँकी अन्तिम पृष्ठमा*

## मंगलमय शुभकामना

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

## CTEVT बाट मान्यता प्राप्त
## जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्ष

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

फारम भर्ने अन्तिम मिति : २०८०/७/२० गते सम्म
प्रवेश परिक्षा मिति : २०८०/७/२२ गते

सीमित सिट मात्र खाली रहेकोले
आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८१७९६७२९७, ९८०४७१२७०५

## मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी

**कृषि स्नातक ( B.Sc. Ag. Hons) तहको प्रवेश परीक्षाको online आवेदन फारम भर्ने सम्बन्धी सूचना**

शैक्षिक सत्र २०८०/०८१ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (**B. Sc. Ag. Hons**) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८०/०७/२० गतेदेखि मिति २०८०/०८/१९ गतेसम्म **http://entrance.mau.edu.np** मा गई **online** आवेदन फारम भर्न सूचना प्रकाशन गरिएको छ ।

## सम्पादकीय

### अनुगमन आवश्यक

योजना बनाउने तहदेखि नै अनुगमन र मूल्यांकनको प्रभावशाली भूमिका हुन्छ। तर, जिल्लामा संचालित अधिकांश योजनाहरुका भरपर्दो अनुगमन र मूल्यांकन हुन सकिरहेका छैनन्। अनुगमनको नाममा खर्च त गरिन्छ तर, ति अनुगमनको खासै प्रभाव भने देखिदैन। कुनै पनि विकासिय कार्यको नियमित रुपमा अनुगमन र मूल्यांकन योजनाकै एक अंगको रुपमा रहेका हुन्छन्। जबसम्म इमान्दार अनुगमन गरिंदै तबसम्म योजनाले लक्षित वर्गलाई लाभान्वित गरेको छ/छैन भन्नेमा आशंका उत्पन्न हुनु स्वाभाविक मानिन्छ।

लाखौंको बजेट खर्च गरेर योजनाहरु सम्पन्न गरिन्छन्, तर, त्यस्ता योजनाले दुरगामी र प्रत्यक्ष रुपमा समुदायमा सकारात्मक के कस्तो छाप छाड्न सक्यो भन्ने बारे अस्पष्ट रहँदा त्यसको सम्पूर्ण प्रक्रिया नै दोषपूर्ण देखिन्छ। विगतका दिनहरुमा पनि यस्ता गुनासो र आरोप नआएका होइनन्। तर, सम्बन्धित निकायहरुले यसतर्फ सकारात्मक हुन नसक्दा विकासले द्रुत गति लिन पाएको छैन। सरकारीसँगै गैरसरकारी स्तरबाट सम्पन्न भएका र भइरहेका योजनाहरुको पनि यसैगरी नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण दिने प्रक्रियालाई पारदर्शी पारिनु पर्दछ।

नियमित अनुगमन र सोको मूल्यांकन कुनै पनि योजनाको अभिन्न अंग हो। लक्षित समुदायमा विकासको लहर पुऱ्याउन कम्मर कसेका सरकारी तथा गैरसरकारी संस्थाहरुले आफ्ना कार्य र योजना पारदर्शी राखे जनविश्वास अझ पनि बढ्नेमा दुईमत हुन सक्दैन। तसर्थ यसतर्फ पनि ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ।

# राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, १९ कात्तिक (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जाजरकोट-भूकम्पपीडितको राहत र पुनःस्थापनालाई प्रभावकारी रुपमा सञ्चालन गर्न निर्देशन दिनुभएको छ।

सिंहदरबारमा आइतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकलाई सम्बोधन गर्दै उहाँले भूकम्प प्रभावित जनतालाई विश्वासमा लिएर तयारीका साथ काम गर्न निर्देशन दिनुभएको हो।

प्रधानमन्त्री दाहालले भूकम्पले ठूलो धनजनको क्षति गरेकोमा गहिरो दुःख व्यक्त गर्दै विपत्तिलाई पुनःनिर्माणको महत्वपूर्ण अवसरका रुपमा सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

जाजरकोट र रुकुम पश्चिममा गएको विनासकारी भूकम्पको क्षति र सरकारले चाल्नुपर्ने कदमबारे छलफल गर्न बोलाइएको विपद् व्यवस्थापन जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १३औँ बैठकमा बोल्दै प्रधानमन्त्री दाहालले विपदपछिको उद्दार, राहत र पुनःनिर्माण प्रभावकारी बनाउनेतर्फ गम्भीर हुन सबैलाई निर्देशित गर्नुभएको हो।

प्रधानमन्त्री दाहालले भूकम्प गएलगत्तै तीनै तहका सरकार र निकायबाट गरिएको पहल सकारात्मक रहेको उल्लेख गर्नुभयो। उहाँले विस २०७२ को भूकम्प गएको समयमा गरिएको असल अभ्यासका आधारमा विद्यमान ऐन, नियम र संरचनालाई पुनःसंरचना गरी शीघ्र रुपमा काम गर्नका लागि तयारी गरिएको बताउनुभयो।

"भूकम्पपछि सबै दल, सङ्घीय सरकार र विभिन्न निकायहरु, प्रदेश सरकार र स्थानीय सरकारले लिएको पहलका निम्ति सबैमा धन्यवाद व्यक्त गर्दछु। शनिबार हामीले खोज, उद्धार र उपचारको काम गर्नुपर्थ्यो, हामीले त्यो काम मूलभूत रुपमा पूरा गरेका छौँ। अब राहत र पुनःस्थापनातर्फ केन्द्रित हुनुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

उहाँले भूकम्पपीडितहरुलाई न्यानो कपडाको व्यवस्थापन गर्न र उपचार प्रभावकारी बनाउन निर्देशन दिनुभयो। नेपाल प्राकृतिक विपदको जोखिममा रहेको मुलुक भएको भन्दै प्रधानमन्त्री दाहालले सरकारले जति पहल गर्नुपर्ने हो र जनतामा जति चेतना अभिवृद्धि गर्नुपर्ने हो त्यो नपुगेको बताउनुभयो।

"अबको तीन दिन राहतका निम्ति अधिकतम पहल गरौँ। पुनःस्थापना प्रभावकारी बनाउनुपर्छ। त्यसका लागि आवश्यक पर्ने ऐन, कार्यविधि र संरचना चाहिन्छ। विद्यमान ऐन, विधि र संरचनाले पुनःनिर्माणको काम प्रभावकारी देखिएको छैन, विगतको अनुभवको पनि हामीले राम्रो समीक्षा गर्नुपर्छ", उहाँले भन्नुभयो।

विसं २०७२ को भूकम्पपछि पनि प्रभावकारी रुपमा काम गर्न नसकेको भन्दै उहाँले भूगोलको अध्ययन गरी कुन भूगोल भूकम्पको जोखिममा छ भन्ने विषय त्यसको अध्ययन आवश्यक भएको बताउनुभयो। "यसपटक सबैतिर भौगोलिक अध्ययन गर्ने र त्यसका आधारमा बस्ती बसाल्नेतर्फ सोच्नुपर्छ। विपदका लागि आवश्यक सामग्री सबै जिल्लामा राख्ने गरी काम गरौँ। अहिलेदेखि नै ती सामग्री 'स्टोर' गरेर राखौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसपटक एकद्वार प्रणालीबाट जान्छौँ। जसलाई जे मन लाग्छ, त्यो गर्न दिँइँदैन। राहतमा हुने दुरुपयोग रोक्छौं। केन्द्र, प्रदेश र स्थानीय सरकारमार्फत मात्र राहत दिने स्थिति बनाउँछौं।"

विगतमा सरकारनिरिह भएको अनुभव सुनाउँदै प्रधानमन्त्री दाहालले यसपटक त्यस्तो नहुने बताउनुभयो। "यसपटक आवश्यकताका आधारमा सबै पीडितलाई समान व्यवहार गर्ने नीति लिन्छौँ", उहाँले भन्नुभयो।

बैठकमा उपप्रधानमन्त्री एव् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा प्रकाशशरण महत, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बस्नेत, कृषि तथा पशुपन्छी विकास मन्त्री मन्त्री डा बेदुराम भुसाल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई, सहरी विकास मन्त्री सीता गुरुङ, भौतिक योजना तथा निर्माण मन्त्री प्रकाश ज्वाला, नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मालगायतले प्रधानमन्त्री दाहालले देखाउनुभएको सक्रियता र खटाइको प्रसंशा गर्नुभएको थियो।

उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले भन्नुभयो, "प्रधानमन्त्री आफैले उद्धारको पहल लिनुभयो, उद्धारको काम लगभग पूरा भएको छ। अहिले कोही पनि बेपत्ता छैनन्। अब हाम्रो ध्यान राहतमा केन्द्रित हुनुपर्छ।" पूर्वमन्त्री गङ्गाधर तुलाधरले प्रधानमन्त्रीको सक्रियताले भूकम्पपीडितप्रति सरकार कति गम्भीर छ भन्ने कुरा प्रष्ट भएको धारणा राख्नुभयो। उर्जामन्त्री शक्ति बस्नेतले प्रधानमन्त्री स्वयंले पहल लिएका कारण राज्यका सबै संयन्त्र प्रभावकारी रूपमा परिचालित भएको बताउँदै भूकम्प पीडितको घाउमा मलहम लगाउन सरकार सफल भएको बताउनुभयो।

भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वालाले भूकम्प प्रभावितको उद्धार, राहत र उपचारमा प्रधानमन्त्री स्वयंले नेतृत्व लिनु सकारात्मक भएको बताउनुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बस्नेतले प्रधानमन्त्रीको तदारुकता प्रशंसायोग्य रहेको भन्दै जिम्मेवार र सक्रिय प्रधानमन्त्री पाएकोमा खुसी व्यक्त गर्नुभयो। नेपाल सेनाका प्रधानसेनापति प्रभुराम शर्माले प्रधानमन्त्री स्वयं खट्दा सिङ्गो राज्ययन्त्र परिचालित भएको बताउनुभयो।

# विपत्को सूचनामा संवेदनशील बन्न काउन्सिलको आग्रह

काठमाडौँ, १९ कात्तिक (रासस)।

प्रेस काउन्सिल नेपालले प्राकृतिक विपत्का समयमा गरिने सूचना सम्प्रेषण संवेदनशील प्रकृतिको हुने भएकाले गलत सूचना र सन्देश प्रवाह नगर्न सबै सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरेको छ।

युट्युबलगायत सामाजिक सञ्जाल र केही अनलाइन सञ्चारमाध्यमबाट जाजरकोट भूकम्पका बीभत्स दृश्य तथा तस्बिरसहितका सन्देश पुष्टि नगरिकन प्रवाह भएको पाइएकाले काउन्सिलले आफ्नो ध्यानाकर्षण भएको जनाएको हो।

काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा 'को पहिला हुने' भन्ने होडबाजीमा आधिकारिक तथ्य पुष्टि नगरिकन मानवीय संवेदनामा खलल पुग्ने र विपत्ति वा शोकमा परेका व्यक्ति र आफन्तजनमा थप पीडा पुग्ने गरी मृतक तथा घाइतेको वीभत्स दृश्य र तस्बिर सम्प्रेषण नगर्न, नगराउन भनिएको छ।

'मृतक एवं घाइतेको विवरण प्रस्तुत गर्दा संवेदनशील भई गोपनियताको सम्मान गर्न

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# चिउरी गाउँको चोचे टोलका सबै घर ध्वस्त, तिहार मनाउन घरमा आएका व्यक्ति सधैँको लागि बिदा भए

सुर्खेत, १९ कात्तिक (रासस) ।

जाजरकोट जिल्लाको नलगाड नगरपालिका-१ को चिउरी गाउँको चोचे टोल कात्तिक १७ गते राति आएको भूकम्पले ध्वस्त भएको छ । अधिकांश दलित समुदाय रहेको यो बस्तीमा एक सय ८६ घरधुरी रहेकामा अधिकांश घर पूर्णरुपमा र केही घर आंशिक रुपमा क्षति भएपछि चोचे टोलका सबै नागरिक घरबारविहीन भएका हुन् ।

खलङ्गाबाट डेढघण्टाको दूरीमा रहेको यो गाउँका बाँकी रहेका अन्य घर पनि बस्न नमिल्ने गरी चिराचिरा परेका छन् । यहाँका सबै घर ध्वस्त भइसकेका छन् । पीडित अविलाल विकले भन्नुभयो, "हाम्रो यो गाउँमा अधिकांश दलित समुदाय बस्दै आएका थियौँ, वर्षामा समेत पहिरोले जोखिम पारेको हाम्रो टोललाई अस्ति आएको भूकम्पले स्वाहा नै बनायो ।"

अहिले यो टोलका सात सय व्यक्ति घरबारविहीन भएको उहाँले बताउनुभयो । विकले भन्नुभयो, "हामी घरबारविहीन भयौँ आफन्त गुमायौँ, खानेकुरा घरमै पुरियो, लाउने कपडा पनि पुरियो, अस्तिदेखि भोकभोकै छौँ । केटाकेटी चिसोले हैरान भइसके ।"

उहाँ जस्तै चोचे गाउँका सबै व्यक्तिको पीडा त्यस्तै छ । उनीहरुले अब आफन्त गुमाए पनि बाँचेकाको लागि गाँस र बाँसको व्यवस्था गरिदिन सरकारसँग माग गरेका छन् ।

**चोचे टोलमा १४ जनाको मृत्यु**

यो टोलमा भूकम्पमा परी १४ जनाको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ ।

मृत्यु हुनेमा पाँच बालबालिका, सात २० वर्ष माथिका र अन्य दुईजना ज्येष्ठ नागरिक रहेको प्रहरीले बताएको छ । तेह्र जनाको भूकम्पमा परी घटनास्थलमै मृत्यु भएको र एकजनाको उपचारका क्रममा नेपालगञ्जमा मृत्यु भएको थियो । मृत्यु भएका अधिकांश व्यक्ति भारतमा रोजगारीका लागि गएर फर्किएका थिए । उनीहरु तिहार मनाउन घर फर्किएकामा तिहार मनाउन नपाउँदै मृत्यु भयो ।

स्थानीयवासी हीरा चंदाराको भदै तिहार मनाउन भारतबाट घर आउनुभएको थियो । चाडबाडमा रमाइलो मनाउन गाउँ फर्किनुभएकी उहाँको भूकम्पमा परी मृत्यु भयो । त्यसैगरी अन्य व्यक्ति पनि चाडबाडका लागि भारतबाट घर आएका थिए तर भूकम्पका कारण गाउँका सबैजनाको खुसी र हाँसो आँशुमा परिणत भएको छ ।

केही घरका त परिवारका सबै सदस्यको मृत्यु भएको छ । भिउसन कुमाइँको चार जनाको परिवारको भूकम्पमा परेर मृत्यु भएको छ । भकम्पमा परेर मृत्यु भएका यो गाउँका १३ जनाको दाहासंस्कार हुनसमेत ढिलाइ भएको थियो । उनीहरुलाई निकाल्न नै समय लागेकाले दाहासंस्कार आइतबार गरिएको हो ।

यो गाउँका पीडितलाई राहात र पुनःस्थापनाका लागि कुनै कसर बाँकी नराख्ने कर्णाली प्रदेश सरकारले प्रतिबद्धता जनाएको छ ।

***विपत्को सूचनामा ...***

आम सञ्चार माध्यम, सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, युट्युबलगायत सामाजिक सञ्जाल र यसका प्रयोगकर्तामा प्रेस काउन्सिल नेपाल हार्दिक आग्रह गर्दछ' विज्ञप्तिमा भनिएको छ ।

शुक्रबार राति ११:४७ बजे जाजरकोट रामीडाँडा आसपास केन्द्रबिन्दु बनाएर गएको छ दशमलव चार म्याग्निच्युडको भूकम्पका कारण भएको मानवीय र भौतिक क्षतिप्रति काउन्सिलले दुःख व्यक्त पनि गरेको छ ।

# इजरायलमा मारिएका सबै नेपालीको शव नेपाल आइपुग्यो

काठमाडौँ, १९ कात्तिक (रासस) ।

दक्षिणी इजरायलमा हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० जना नेपाली विद्यार्थीको शव नेपाल आइपुगेको छ ।

शनिबारराति फ्लाइ दुवइको विमानमार्फत ११:३० बजे डोटी लामीखाल-८ का पदम थापाको शव नेपाल आइपुगेसँगै मृत्यु भएका सबै नेपाली विद्यार्थीको शव नेपाल आइपुगेको परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरणले बताउनुभयो ।

उहाँले भन्नुभयो, "इजरायलमा हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० विद्यार्थीको शव नेपाल ल्याइएको छ । इजरायलमा हाललाई उद्धार कार्य करिब करिब सकिएको छ । बेपत्ता भएका विपीन जोशीको उद्धारका लागि पहल भइरहेको छ ।"

दक्षिणी इजरायलमा गत असोज २० गते अर्थात अक्टोबर ७ मा हमास समूहको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो । आक्रमणमा परि डोटी लामीखाल-८ का पदम थापा, सल्यान सारदा-३ का प्रवेश भण्डारी, बझाङ जयपृथ्वी-६ का गणेशकुमार नेपाली, दार्चुला मालिकार्जन-४ का लोकेन्द्रसिंह धामी, दार्चुला लेकम-५ का दीपेशराज विष्ट, धनुषा सापही-६ का आनन्द शाह, कैलाली घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने, सुनसरी मधुवन-१ का राजेशकुमार स्वर्णकार, डोटी पचनाली-३ का राजन फुलारा, तथा कैलाली बौनियाँ-३ का आशिष चौधरीको शव नेपाल ल्याइएको हो ।

सुदूरपश्चिम विश्वविद्यालयको कृषि क्षेत्रको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत उनीहरु इजरायल गएका थिए । सोही आक्रमणमा परी कञ्चनपुर भीमदत्त-३ का विपीन जोशी सम्पर्कविहीन छन् । केही समय अघि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहितको टोलीले इजरायलमा फसेका दुई सय ५४ विद्यार्थीलाई उद्दार गरी नेपाल ल्याएको थियो ।

डोटी लामीखाल-८ का पदम थापा, डोटी पचनाली-३ का राजन फुलारा र सल्यान सारदा-३ का प्रवेश भण्डारीको शव आइतबार दिउँसो १२ बजेपछि नेपाली सेनाको हेलिकोप्टरमार्फत सम्बन्धित जिल्लामा पठाइने तयारी भएको सहसचिव आरणले जानकारी दिनुभयो ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

अनुरोधकर्ता

**बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**


## विश्व समाचार

# तालिबानको प्रतिबन्धपछि अफगानिस्तानमा अफिमको उत्पादनमा ९५ प्रतिशतले गिरावट

काबुल, १९ कात्तिक (रासस/एएफपी) ।

तालिबान अधिकारीहरूले पप्पीमाथि प्रतिबन्ध लगाएपछि अफगानिस्तानमा यसको खेती र अफिमको उत्पादनमा ९५ प्रतिशतले कमी आएको आइतबार प्रकाशित संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनमा उल्लेख छ ।

सन् २०२१ मा सत्तामा फर्किएपछि तालिबान अधिकारीहरूले अफगानिस्तानमा अवैध लागूऔषध उत्पादन अन्त्य गर्ने वाचा गरेका छन् र सन् २०२२ अप्रिलमा अफिम र हेरोइन बनाइने पप्पी बोटको खेतीमा प्रतिबन्ध लगाएका छन् ।

सन् २०२२ को अन्त्यमा दुई लाख ३३ हजार हेक्टरबाट घटेर सन् २०२३ मा १० हजार आठ सय हेक्टरमा पप्पीको खेतीमा करिब ९५ प्रतिशत कमी आएको राष्ट्रसङ्घीय लागूऔषध तथा अपराध कार्यालय (युएनओडिसी) को प्रतिवेदनमा उल्लेख छ ।

यस अवधिमा अफिमको उत्पादन पनि सन् २०२३ मा छ हजार दुई सय टनबाट घटेर तीन सय ३३ टन भएको छ । यो वर्ष २४ टनदेखि ३८ टन हेरोइनको निर्यात हुने अनुमान गरिएको छ । अघिल्लो वर्ष तीन सय ५० टनदेखि पाँच सय ८० टन हेरोइन निर्यात भएको थियो ।

अफगानिस्तानको अफिम अर्थतन्त्रमा अचानक कमीका कारण सम्भावित 'धेरै कमजोर ग्रामीण समुदायका लागि मानवीय नतिजा' को चेतावनी दिँदै युएनओडिसीले यसको उत्पादनमा प्रतिबन्ध लगाइँदा उत्पादकहरूले अत्यन्त कम आकर्षक वैकल्पिक बालीहरूतिर फर्कनुपरेको जनाएको छ ।

युएनओडिसीका अनुसार सन् २०२२ मा किसानहरूको आम्दानी एक अर्ब ३६ करोड अमेरिकी डलर हुने अनुमान छ । यो यस वर्ष ९२ प्रतिशतले घटेर ११ करोड डलर भएको छ । यो घाटाले अफगानिस्तानको पहिला नै सङ्घर्षरत अर्थतन्त्रमा अत्यधिक असर पर्ने आशङ्का गरिएको छ । गत वर्ष विश्वको अग्रणी उत्पादक अफगानिस्तानमा कूल कृषि उत्पादनको मूल्यमा पप्पी बालीको योगदान करिब एक तिहाइ थियो ।

"आइतबार अफगानिस्तानका मानिसलाई गुमेको आम्दानीको आघातको सामना गर्न र जीवन बचाउन तत्काल मानवीय सहयोगको आवश्यकता छ", युएनओडिसीका कार्यकारी निर्देशक घाडा वेलीले एक विज्ञप्तिमा भन्नुभयो, "अन्य सबै उत्पादन कपास, गहुँका लागि धेरै पानी चाहिन्छ तर अफगानिस्तानले लगातार तीन वर्षदेखि खडेरीको सामना गरिरहेको छ ।"

अफगानिस्तानको आन्तरिक मन्त्रालयको लागुऔषध विभागले युएनओडिसीको प्रतिवेदनमा पप्पीको उत्पादनको अनुमानमा केही हदसम्म सहमत भएको जनाएको छ ।

# नोभेम्बर १९ मा एयर इन्डियाको विमान उडाउने सिख पृथकतावादी नेताको धम्की

नयाँदिल्ली, १९ कात्तिक (रासस/एएनआई) ।

प्रतिबन्धित सिख फर जस्टिस (एसएफजे) का संस्थापक तथा आतङ्कवादी गुरपतवन्त पन्नुनले एउटा भिडियो जारी गरी सिखहरूलाई जीवन खतरामा रहेको भन्दै नोभेम्बर १९ पछि एयर इन्डियाको विमानमा उडान नगर्न आग्रह गरेका छन् ।

उनले नोभेम्बर १९ मा एयर इन्डियालाई उडान गर्न अनुमति नदिने दाबी गरे । "हामीले सिख समुदायलाई एयर इन्डियाबाट यात्रा नगर्न आग्रह गरिरहेका छौं, नोभेम्बर १९ देखि विश्वव्यापी नाकाबन्दी हुनेछ, एयर इन्डियालाई उडान गर्ने अनुमति दिइने छैन, सिखहरू नोभेम्बर १९ पछि एयर इन्डियाबाट यात्रा नगर्नुहोस्, तपाईंहरूको जीवन खतरामा पर्न सक्छ", सामाजिक सञ्जालमा भाइरल भइरहेको भिडियोमा पन्नुनले भनेका छन् ।

नोभेम्बर १९ मा दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय ( आइजिआई) विमानस्थल बन्द रहने र यसको नाम परिवर्तन गरिने पन्नुनले दाबी गरेका छन् । उनले सोही दिन क्रिकेट विश्व कपको फाइनल खेल हुने बताएका छन् । "नोभेम्बरमा यो त्यही दिन हो जुन दिन वर्ल्ड टेरर कपको फाइनल खेल हुनेछ", उनले भनेका छन्, "जब पञ्जाब स्वतन्त्र हुन्छ त्यसपछि यो विमानस्थलको नाम सहिद बेअन्त सिंह, सहिद सतवन्त सिंह खालिस्तान विमानस्थल हुनेछ ।"

एसएफजे प्रमुख पन्नुनले धम्की दिएको यो पहिलो पटक होइन । सेप्टेम्बरमा उनले खालिस्तान आतङ्कवादी हरदीप सिंह निज्जरको हत्यामा भारत र क्यानाडाबीच कूटनीतिक विवादका बीच हिन्दू-क्यानाडाली मानिसहरूलाई क्यानाडा छोड्न आग्रह गरेका थिए ।

उनले सामाजिक सञ्जालमा प्रसारित एक भिडियोमा खालिस्तान समर्थक सिखहरूले क्यानाडाप्रति निरन्तर वफादारी देखाएको बताएका छन् । त्यसपछि उनले भारत-क्यानाडाली हिन्दूहरूलाई क्यानाडा छाड्न धम्की दिएका छन् ।

उनको घृणित भाषण फैलिएपछि हिन्दू फोरम क्यानाडाका वकिलहरूले क्यानाडाली आप्रवासन मन्त्रीसँग क्यानाडाली क्षेत्रमा पन्नुनको प्रवेशमाथि प्रतिबन्ध लगाउन माग गरेका छन् । उनीहरूले आप्रवासनमन्त्री मार्क मिलरलाई पत्र लेख्दै पन्नुनको हालैको टिप्पणीहरूले हिन्दू समुदायभित्र मात्र नभएर ठूलो मात्रामा क्यानाडाली नागरिकहरूबीच सङ्कट र आघात पुगेको बताएका छन् ।

# महिला तथा बालबालिकाको हकहित सम्बन्धी ज्ञान बाढ्दै आशा



**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।** राजविराज ३ की आशा कुमारी साह महिला तथा बालबालिका अधिकारका लागी धेरै कानुन बनाएपनि प्रभावकारी कार्यान्वय हुन नसकेको गुनासो पोखेकी छिन् ।

महिला तथा बालबालिका अधिकार नेपाल सप्तरीको अध्यक्ष रहेकी ३२ वर्षिया साह जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट समाजवादी महिला संघ सप्तरीको जिल्ला कार्य समिती सदस्य समेत हुन ।

महिला तथा बालवालिका अधिकारको क्षेत्र हुदै सक्रिय राजनीतिमा होमिएकी उनले महिला तथा बालबालिकाको हकहितका लागी विभिन्न कार्यक्रम लिएर हाल टोल टोलमा पुग्न थालेकी छिन् ।

उनले जिल्लामा बढ्दो आत्महत्या, महिला हिंसा, बालश्रम, दाईजो, लागु औषधको प्रयोग लगायतका विकृति प्रति चिन्ता व्यक्त गर्दै यसको न्यूनिकरणका लागी सचेतना बाढ्न व्यस्त भएकी छिन् ।

स्नातकतह सम्मको अध्ययन गरेकी उनले बनाइएका कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेको र अर्को तीर चेतनाको अभावमा यस्ता विकृतिहरु ठूलै समस्या बन्दै गएको गुनासो पोखिन । उनले यस्ता विकृति न्यूनिकरणका लागी आफुले तयार पारेको खाकामा सबैले साथ र सहयोग दिन सके सार्थकता पाउने विश्वास समेत व्यक्त गरेकी छिन् ।

अभिभावकले आ-आफनो सन्तानलाई नियमित विद्यालय पठाउनु पर्ने, महिला हिंसा, आत्महत्या, लागु औषध, बालविवाह, बालश्रम लगायतका विकृति विरुद्ध प्रशिक्षण दिनु पर्ने, यसका कानुन र नियमको कडाईका साथ पालना गर्न/गराउनु पर्ने लगायतको योजना उनको खाकामा समेटिएको छ । आफू महिला भएकाले महिला तथा बालबालिकाको समस्यालाई पहिलो प्राथमिक्तामा राखेको उनको कथन छ ।

मधेशमा महिलाई घरबाहिर निस्केर राजनीति र सामाजिक गतिविधी सक्रियताका साथ गर्न त्यती सहज नभएपनि आफ्नो घर परिवारको साथ र सहयोगले सहज बनाएको उनको भनाई छ ।

# भूकम्पमा मृत्यु भएकाका परिवारलाई सरकारले दुई लाख राहत दिने

काठमाडौं, १९ कात्तिक (रासस) । नेपाल सरकारले जाजरकोट भूकम्पमा परी मृत्यु भएका व्यक्तिका प्रतिपरिवारलाई रु दुई लाखका दरले राहत दिने निर्णय गरेको छ ।

सिंहदरबारमा आइतबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयबारे जानकारी गराउँदै नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले तत्काल राहतस्वरुप पहिलो चरणमा सो सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिनुभयो ।

यसैगरी जाजरकोट भूकम्पका कारण मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै राहत तथा उद्धारको कामलाई तीव्रता दिने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय भएको मन्त्री शर्माले जानकारी दिनुभयो ।

शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भई ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट र रुकुमपश्चिम जिल्लामा एक सय ५७ जनाको निधन भएको थियो ।

# कांग्रेस सांसदले १५ दिनको पारिश्रमिक भूकम्पपीडितलाई दिने

काठमाडौं, १९ कात्तिक (रासस) । नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने सांसदहरुले भूकम्पपीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि १५ दिन बराबरको पारिश्रमिक सहयोग गर्ने भएका छन् । कांग्रेस संसदीय दलको आइतबार बसेको बैठकले भूकम्पपीडितका लागि सङ्घीय संसद्मा कांग्रेसका तर्फबाट प्रतिनिधित्व गर्नुहुने सदस्यको १५ दिन बराबरको पारिश्रमिक सहयोगस्वरुप नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको हो ।

पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा धुम्बाराहीस्थित उहाँको निवासमा बसेको बैठकले भूकम्पमा परी जीवन गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

यसैगरी बैठकले भूकम्पबाट मानवीय क्षति, भौतिक क्षति र सयौं घाइते भएको घटनाप्रति दुःख व्यक्त गरेको पार्टीका प्रमुख सचेतक रमेश लेखकले जानकारी दिनुभयो ।

शुक्रबार राति ११:४७ बजे जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिमका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो ।

# भूकम्पबाट घाइतेको निःशुल्क उपचार गर्ने मन्त्रिपरिषद्को निर्णय

काठमाडौं, १९ कात्तिक (रासस) । मन्त्रिपरिषद्को आइतबार बसेको आकस्मिक बैठकले जाजरकोट केन्द्रबिन्दु भई शुक्रबार राति गएको भूकम्पबाट घाइते भएकाहरूको सबै अस्पतालमा निःशुल्क उपचार गराउने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको बैठकले तत्काल उद्धार गर्नुपर्ने व्यक्तिहरू लगभग सबैको उद्धार गरिएको र उपचारका लागि काठमाडौंलगायतका सबै स्थानका अस्पताललाई तयारी अवस्थामा राखिएको स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले पत्रकारलाई जानकारी दिनुभयो ।


## हेलो सरकारःनागरिक सरोकार

हेलो सरकार किन ?

- नागरिकका गुनासा तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पुरा गराउन,
- सार्बजनिक सेबालाई जनमुखी र प्रभावकारी बनाउन,
- सार्बजनिक सेबालाई पारदर्शी बनाई सुशासन कायम गराउन,

त्यसैले हेलो सरकारमा गुनासो गरौं। सार्वजनिक निकायमा भएका कमी कमजोरी, सेवा प्राप्तिमा बञ्चितिी, अवरोध र अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पुरा गरौं।

कुनै गुनासा तथा पीरमर्का भए हेलो सरकारको निशुल्क टेलिफोन नम्बर ११११ मा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## १४ हजार ६ सय ५ ...

अवधिमा मोतियाबिन्दुका १ हजार २ सय १५ तथा अन्य जटिल रोगका १ सय ३१ जना आखाका विरामीको शल्यक्रिया तथा १३ हजार २ सय ५९ जनाको आखाका विभिन्न रोगको उपचार गरी कुल १४ हजार ६ सय ५ जनालाई उपचार सेवा प्रदान गरिएको जानकारी दिए ।

उनले ४ हजार ३ सय ८१ जना भारतीय नागरिकले समेतले उपचार पाएको बताउँदै भारतीय नागरिकका लागी समेत उपचार गर्न भरपर्दो ठाउँ बनेकाले उनीहरुको यस अस्पताल तर्फ आकर्षण बढ्दै गएको दाबी गरे ।

कार्यक्रममा अस्पतालका निर्देशक एवं नेत्र रोग विशेषज्ञ डा. आशिष राज पन्तले सस्तो दरमै मेशिन र हात दुबैको प्रयोग गरेर आखाँको समान्यदेखि जटिल प्रकृतिका उपचार र शल्यक्रिया सेवा उपलब्ध गराउन थालेपछि आखाका बिरामीको यस अस्पताल प्रति आकर्षण बढ्दै गएको दाबी गरे ।

न्युन आय भएकाले पनि सस्तोमा उपचार पाओस् भन्ने उद्देश्यले संचालनमा ल्याइएको १५ शैयाको अस्पतालमा आखा र आखा आसपासको प्लास्टिक सर्जरी, आखाको क्यान्सर र कोर्निया, अकुलोटप्लास्टि, दृष्टिदोष लगायतको उपचार सेवा उपलब्ध रहेको तथा निकट भविष्यमै आखाको नानी प्रत्यारोपण तथा रेटिना सर्जरी सेवा समेत संचालन हुने उनले जानकारी दिए ।

नेपालबाट अन्धोपन हटाउन र आखाका विरामीलाई सहजरुपमा उपचार सेवा उपलब्ध गराउन एक वर्षको अवधीमा मदरसा, विद्यालय, विभिन्न पालिका र सेनाको बरखगण गरी ७ ठाउँमा समेत पुगेर निःशुल्क आखा उपचार शिवीर संचालन गरिएको उनले जानकारी दिए ।

एक अध्ययनको क्रममा सप्तरीमा ५० वर्ष र सो भन्दा माथीका जनसंख्या मध्ये २० प्रतिशतमा दृष्टि कमजोर र आखाको समस्या देखिएको भन्दै उनले आखाको सुरक्षाका लागी जीवन शैलीमा सुधार र आवश्यक सर्तकर्ताको आवश्यकता समेत औंल्याए ।

वार्षिकोत्सवको अवसर पारेर ७ दिन सम्म अस्पताल परिसरमा निःशुल्क आखा परिक्षण तथा अन्य उपचारमा २५ प्रतिशत सम्म छुटको व्यवस्था समेत मिलाइएको अस्पताल प्रशासनले जनाएको छ ।

## ग्राहक बनेर ...

र काउन्टरमा राखिएका सरसमान चोरी गरी फरार हुने अपरिचित चोर बारे पीडित पक्षबाट जानकारी आएपछि खोज तलाश तीब्र पारिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए ।

नगरको मुटुमै रहेको माझी मार्केटको ३ वटा पसलबाट १७ हजार नगद तथा केही सरसमान चोरी भएपछी प्रहरीमा जानकारी गराएको पीडित मध्येका एक अन्जना माझीले बताईन् । उक्त मार्केटमा रहेको सीसीटीभीमा चोरको तस्बिर कैद भएको थियो ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल विवाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np